नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरवार, काठमाडौं

फोन न 4200331

(सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा शाखा)

पत्र संख्या: २०७५।७६

चलानी नं. 20

नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाण्डौ

मिति :२०७५।०५।१३

**विषय: जन्म प्रतिवेदन प्रणाली (Birth Reporting System) सम्बन्धमा ।**

**श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय,**
**रामशाहपथ, काठमाण्डौ ।**

नेपालमा जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन २०३३ र नियमावली २०३४ अनुसार आधिकारिक रुपमा व्यक्तिगत घटनाहरुको दर्ता गर्ने कार्य स्थानीय पञ्जिकाधिकारीहरुको कार्यालय मार्फत हुँदै आएको छ । यसलाई थप व्यवस्थित गर्न हाल गाउँ/नगरपालिकाका १६८० भन्दा बढी वडा कार्यालयबाट अनलाईन घटना दर्ता समेत गरिदै आएको छ । अस्पतालबाट जारी गरिने जन्म प्रतिवेदनमा एकरुपता ल्याई जन्मदर्ता गर्दाका वखत शिशुको जन्म सम्वन्धी सत्य तथ्य विवरण प्राप्त गर्नका लागि अस्पतालमा शिशुको जन्म पश्चात तत् सम्वन्धी विवरण अनलाइन प्रविष्टी गरी प्रतिवेदन जारी गर्न सक्ने गरी केन्द्रीय पञ्जिकरण विभागले अस्पताल मार्फत नै प्रयोग गर्न मिल्ने गरी जन्म प्रतिवेदन प्रणाली (Birth Reporting System) तयार गरि केही अस्पतालमा सफल प्रयोग भईसकेको छ । यस्तो प्रणलीको प्रयोगबाट जन्मदर्ता प्राप्त गर्न लाग्ने समय र लागत घट्न जाने र भविष्यमा जन्मदर्ता प्रमाणपत्र संशोधन गर्नु पर्ने झन्झट नहुने देखिन्छ । यसै तथ्यलाई मध्यनजर गरी केन्द्रीय पञ्जिकरण विभागले तयार गरी प्रयोगमा ल्याएको जन्म प्रतिवेदन प्रणाली (Birth Reporting System) पहिलो चरणमा सदरमुकाम रहेका गाउँपालिका र नगरपालिकामा प्रयोगमा ल्याउन सबै जिल्ला अस्पताल र अन्य ठुला अस्पतालहरु (उप-क्षेत्रीय, क्षेत्रीय, मेडिकल कलेजका शिक्षण अस्पतालहरु र केन्द्रीय अस्पतालहरु) मा पत्राचार गरिदिनुहुन नेपाल सरकार (सचिवस्तर) को मिति २०७५।०५।०४ को निर्णयअनुसार अनुरोध छ ।

यस सम्बन्धमा थप जानकारी (Username र Password) तथा तालिम आवश्यक भएमा केन्द्रीय पञ्जिकरण विभागले समन्वय गर्नेछ ।

५।१३

(आनन्दराम विष्ट)
शाखा अधिकृत

**बोधार्थ:**

१. श्री केन्द्रीय पञ्जिकरण विभाग, बबरमहल ।

२. श्री सदरमुकाम रहेका गाउँपालिका/नगरपालिका ।

३. श्री सूचना तथा प्रविधि शाखा: वेभसाइटमा अपलोड गरिदिनुहुन ।